यस टेमाल गाउँपालिकाको आ.व. २०७५ ०७६ को कार्यपालिकाको पहिलो बैठकमा निम्नानुसार प्रस्तावहरु माथि छलफल गरी उल्लेखित निर्णय गरियो ।

प्रस्तावहरु:

१. टेमाल गाउँपालिकाको आ.व. २०७५ ०७६ को बजेट योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा ।

२. श्री बुद्ध किरण आधारभूत विद्यालय सम्बन्धमा ।

३. विविध विषयहरु

निर्णयहरु:

१. प्रस्ताव १ माथि छलफल गर्दा मिति २०७५ ०३ १० गते सम्पन्न भएको टेमाल गाउँपालिकाको गाउँ सभाबाट पारित बजेट, योजना तथा कार्यक्रम कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

२. प्रस्ताव २ माथि छलफल गर्दा श्री बुद्ध किरण आधारभूत विद्यालय, टेमाल गा.पा. वडा नं. ९ मेच्छे, तिक्रिटरलाई कक्षा ६ संचालन अनुमति दिने निर्णय गरियो ।

३. प्रस्ताव ३ विविध विषहरु छलफल तपशिल बमोजिम निर्णय गरियो ।

(क) २०७५ साल श्रावन २० गते, शिक्षा समिति गठन गर्न कार्यपालिकाको बैठक राख्ने निर्णय गरियो ।

(ख) तपशिल बमोजिमका खानी उद्योगलाई संचालन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

१. टेमाल रोडा ढुङ्गा उद्योग, टेमाल-५

२. गिम्दिङ रोडा ढुङ्गा उद्योग, टेमाल-५

३. सर्वोत्तम रोडा ढुङ्गा उद्योग, टेमाल-५

(ग) प्रदेश सरकारद्धार तोकिएको दहत्तर वहत्तर शुल्क बमोजिम टेमाल गाउँपालिकाले नदी जन्य पदार्थ तथा खानी जन्य पदार्थ प्रयोगमा ल्याउने निर्णय गरियो ।

साथै आजको कार्यपालिकाको बैठक अन्त्य गरियो ।

शर्मिला लामिछाने
प्रमुख प्रशासकीय अधिकृत